# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको
## पुनरावेदन समितिको नियमावली २०६३ (सन् २००६)*

एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिलाई नियमित गर्न आवश्यक भएकोले ए. आई. नेपाल शाखाको विधान २०५८ बमोजिम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिको नियमावली २०७३ (सन् २०१६)" लागू गरिएको छ।

**परिच्छेद–१**

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिको नियमावली २०६३ (सन् २००६) को दोस्रो संशोधन २०६७ (सन् २०११)र तेस्रो संशोधन २०७३ (२०१६) रहनेछ।

(ख) यो नियमावली ए.आई. नेपालको आगामी वार्षिक साधारणसभाबाट अनुमोदन हुनेगरी नेसनल बोर्डबाट स्विकृत भएपछि तत्काल लागू हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) लाई बुझाउने छ।

(ख) "नेसनल बोर्ड" भन्नाले ए.आई. नेपालको "नेसनल बोर्ड"लाई जनाउने छ।

(ग) "साधारणसभा" भन्नाले ए. आई. नेपाल शाखाको साधारणसभालाई बुझाउने छ।

(घ) "पुनरावेदन समिति" भन्नाले विधान बमोजिम गठन भएको पुनरावेदन समितिलाई जनाउनेछ।

(ङ) "संयोजक" भन्नाले विधानबमोजिम गठन भएको पुनरावेदन समितिको संयोजकलाई सम्झनु पर्नेछ।

(च) "सदस्य" भन्नाले पुनरावेदन समितिका सदस्यहरूलाई जनाउनेछ।

(छ) "तोकिएको" भन्नाले ए.आई. नेपाल शाखाको विधान, यो नियमावली र रा.क.स.ले तोके बमोजिमका अन्य कुराहरूलाई जनाउने छ।

(ज) "नियमावली" भन्नाले ए.आई. नेपाल शाखाको पुनरावेदन समितिको नियमावलीलाई जनाउनेछ।

(झ) "समूह", "निर्माणाधिन समूह", "सदस्य", "संस्था वा ए.आई.नेपाल" र "एम्नेस्टी इन्टरनेसनल" भन्नाले ए.आई. नेपालको विधान २०५८ (सन् २००१) को दफा ४ मा उल्लेखित परिभाषा अनुसारनै बुझिनेछ।

**परिच्छेद–२**

३. **पुनरावेदन समितिको नियमित बैठक सम्बन्धमा**

(क) पुनरावेदन समितिको नियमित बैठक सामान्यतया वर्षमा एक पटक बस्नेछ।

* १९औं र २५औं वार्षिक साधारणसभाले गरेको संशोधन समाविष्ट

(ख) पुनरावेदन समितिको बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

(ग) पुनरावेदन समितिको बैठकमा मतभेद भई मत बराबर भएको खण्डमा संयोजकले निर्णायक मत दिनेछन् ।

**४. पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार**

(क) संयोजकको काम, कर्तव्य र अधिकार

(१) पुनरावेदन समितिको बैठकको अध्यक्षता तथा संचालन गर्ने ।

(२) पुनरावेदन समितिको बैठकमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

(३) पुनरावेदन समितिको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(४) आवश्यकता अनुसार अन्य सदस्यहरूलाई कार्यभार सुम्पने ।

(५) तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने ।

(ख) सदस्यहरूको काम, कर्तव्य र अधिकार

(१) पुनरावेदन समितिको बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने,

(२) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने,

**५. पदरिक्तता :**

देहायका अवस्थाहरूमा पुनरावेदन समितिको कुनै पदाधिकारीको पद रिक्त भएको मानिने छ ।

(क) मृत्यु भएमा,

(ख) संयोजकले पुनरावेदन समिति समक्ष र अन्य सदस्यहरूले संयोजक समक्ष दिएको राजिनामा स्वीकृत भएमा,

(ग) कुनै पनि कारणले ए.आई. नेपालको सदस्यता समाप्त भएमा ।

(घ) पुनरावेदन समितिको बैठकमा लगातार बिना सूचना २ पटकसम्म अनुपस्थित भएमा ।

(ङ) कुनै समूह खारेज भएको स्थितिमा सो समूहका कुनै सदस्य पुनरावेदन समितिको पदाधिकारी रहेको भएमा निज स्वतः पद मुक्त हुनेछ ।

**६. रिक्त पदको पूर्ति**

कुनै कारणबस पुनरावेदन समितिको संयोजक वा सदस्यहरूको पद रिक्त भएमा "नेसनल बोर्डले आगामी साधारणसभासम्मका लागि सो पदको पदपूर्ति गर्न सक्नेछ । त्यस्तो पदपूर्ति गरिएकोमा सो साधारणसभाबाट अनुमोदन भएमा सदरै मानिनेछ । यदि अनुमोदन नभएमा साधारणसभाको निर्णय बमोजिम गरिनेछ । यसरी कार्यकालको बीचमा नियुक्त पदाधिकारीहरूको कार्यकाल रिक्त अवधिसम्मका लागि मात्र हुनेछ ।

**७. पुनरावेदन समितिका पदाधिकारीको कार्यकाल**

पुनरावेदन समितिका पदाधिकारीहरूको कार्यकाल निर्वाचित भएको मितिले २ बर्षको हुनेछ ।

## परिच्छेद–३
## सेवा, शर्त र सुविधा

**८. पुनरावेदन समितिका पदाधिकारीहरूको सेवा, शर्त र सुविधा**

पुनरावेदन समितिका पदाधिकारीहरूको देहाय बमोजिमको सेवा, शर्त र सुविधाहरू हुने छन् ।

(क) ए.आई. नेपाल शाखाद्वारा सञ्चालित मानव अधिकार सम्बन्धी अभियान तथा क्रियाकलापहरूमा पुनरावेदन समितिका पदाधिकारीहरूको संलग्नतालाई स्वयंसेवी मानिनेछ ।

(ख) पुनरावेदन समितिका पदाधिकारीहरूले तोकिए बमोजिमका भत्ता वा विशेष कामको लागि पाउने पारिश्रमिक बाहेक कुनै प्रकारको नियमित पारिश्रमिक पाउने छैनन् ।

(ग) पुनरावेदन समितिका पदाधिकारीहरूले विधान तथा नियमावलीहरूमा तोकिए बमोजिमका काम कर्त्तव्यहरूको सक्रियतापूर्वक पालना गर्नु पर्नेछ ।

**९. बैठक भत्ता**

पुनरावेदन समितिसहितको नेशलन बोर्डको बैठक वा पुनरावेदन समितिको बैठकमा सहभागी हुने पदाधिकारीहरूलाई तोकिए बमोजिम बैठक भत्ता दिइने छ ।

**१०.भ्रमण भत्ता**

(क) पुनरावेदन समितिका पदाधिकारीलाई बैठकमा भाग लिन वा ए.आई.नेपालको कामले आफू बसेको ठाउँबाट अन्यत्र खटाइएकोमा जान तथा आउन बाटोमा लागेको दिनको समेत भत्ता उपलब्ध गराइनेछ । तर एकै दिनको निमित्त भ्रमण भत्ता र बैठक भत्ता दुवै दावी गर्न पाइने छैन ।

(ख) बाटोको दिन गणना गर्दा बैठकमा भाग लिने प्रयोजनका लागि जतिसुकै दिन लागे पनि केवल आउनको लागि एक दिन र जानको लागि एक दिन गरी दुई दिन मात्र र अन्य प्रयोजनका लागि आतेजातेमा लागेको वास्तविक दिनलाई गणना गरिनेछ ।

**११. यातायात खर्च**

पुनरावेदन समितिका पदाधिकारी वा कुनै सदस्यलाई ए.आई. नेपालको कुनै कामको निमित्त खटाउँदा लागेको बाटो खर्च ए.आई. नेपालले व्यहोर्नेछ ।

स्पष्टीकरणः यस नियमावलीको प्रयोजनका लागि बाटो खर्च भन्नाले सामान्यतया यात्रा गर्दा लाग्ने बस वा मिनिबस भाडालाई बुझाउनेछ । तर हवाइजहाजको मात्र सुविधा भएकोमा हवाइजहाज भाडालाई मानिनेछ ।

**१२. औषधि उपचार खर्च**

पुनरावेदन समितिका पदाधिकारी ए.आई.नेपाल वा आफ्नो कार्यक्षेत्रको अध्ययन अनुसन्धानका क्रममा प्रतिनिधि, पर्यवेक्षक वा प्रशिक्षकका रूपमा हिँड्दा बिरामी भई उपचार गर्नु परेमा शाखाको आर्थिक अवस्था र बिरामीको उपचार गर्दा लाग्ने खर्चको समेत विचार गरी नेसनल बार्डबाट भएको निर्णय बमोजिम बढीमा दश हजार रुपैयाँसम्म उपचार खर्च पाउनेछ ।

**१३. दुर्घटना र स्वास्थ्य बिमा**

पुनरावेदन समितिका पदाधिकारीहरूको जनही रु.  ५००,०००।- को दुर्घटना बीमा र रु १००,०००।- को स्वास्थ्य बीमा गरिनेछ । सो बीमा सम्बन्धी व्यवस्था पुनरावेदन समितिमा बहाल रहँदाका अवस्थामा मात्र लागू हुनेछ ।

**परिच्छेद-४**

विविध

**१४. खर्च सम्बन्धी व्यबस्था**

यो नियमावलीमा उल्लेख गरिएको भत्ता तथा अन्य सुविधाका लागि आवश्यक खर्च ए.आई. नेपाल शाखाले व्यहोर्नेछ ।

**१५. मितव्ययिता**

प्रतिवेदन बुझाउँदा वा पत्राचार गर्दा इमेल, फ्याक्स, टेलिफोन, चिट्ठी वा फोटोका लागि लागेको खर्च ए.आई. नेपाल शाखाले व्यहोर्नेछ। तर त्यसमा यथासम्भव छिटो छरितो र न्यूनतम खर्चको साधन प्रयोग गर्नु पर्नेछ।

**१६. संशोधन**

यो नियमावली वा यसमा उल्लिखित कुनै पनि कुरालाई संशोधन वा खारेज गर्न परेमा "नेसनल बोर्डले त्यसो गरी साधारणसभाबाट अनुमोदन भएपछि संशोधन भएको मानिनेछ।

**१७. बाधा अड्काउ फुकाउने**

(क) यो नियमावलीमा उल्लेख नभएका कुराका सम्बन्धमा "नेसनल बोर्डको निर्णय बमोजिम हुनेछ।

(ख) यो नियमावलीमा उल्लिखित कुनै कुरा विधानसंग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

♣ समाप्त ♣